# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## कोशी प्रदेश, नेपाल

# देवानगञ्ज गाउँपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि,२०८०

गाउँ सभाद्धारा पारित मिति २०८०/०३/०९

# कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८०

१. प्रस्तावना :

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी देवानगञ्ज गाउँपालिका सुनसरीले यो कार्यविधि बनाएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भः (१)-यस कार्यविधिको नाम "कर्मचारीको तह वृद्धि सम्वन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका र देवानगञ्ज गाउँपालिका सुनसरीका बिभिन्न सेवा भित्रका पदमा विभिन्न शाखा र निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले देवानगञ्ज गाउँपालिका सुनसरी सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

४. सुचना प्रकाशन गर्ने : (१) अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने गरि प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको

१ बेचन प्रसाद मेहता
अध्यक्ष

निर्णय गर्नु पर्नेछ । सो प्रयोजको लागि कम्तीमा १ महिना अगावै गाउँपालिकाको आफ्नो सुचना पाटी/वेवसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र तह वृद्धिको लागि यस कार्यविधिको दफा ६ बमोजिमको योग्यता पुरा गरेको स्थायी कर्मचारीहरुले गाउँ कार्यपालिकाको कार्यालयमा तह वृद्धिको लागि देहायका कागजातहरु संलग्न गरि अनुसुची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।

(ख)बढुवा/तहवृद्धि भएको पत्रको प्रतिलिपी ।

(ग) समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपी ।

(घ)नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी ।

५.सिफारिस समिति : (१) अध्यादेशको दफा ४ (५) र दफा ८(१६) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न अध्यादेशको दफा २८ को उपदफा ३ बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुइ जना वरिष्ठ कर्मचारी रहेको तहवृद्धि सिफारिस समिती रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख)कार्यपालिकाले तोकेको एक महिला कर्मचारी | सदस्य |
| (ग) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२)सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

६.आवश्यक न्युनतमा योग्यता र सेवा अवधि : (१) देवानगञ्ज गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा गरेका पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्याङ्कन औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका र देहाय वमोजिमको न्युनतम योग्यता हासिल गरेका कर्मचारीहरुलाई देहाय बमोजमको सम्बन्धित सेवा ,समुह ,उपसमुह भित्र तह वृद्धि गरिनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकको अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | पाँचौ | छैटौं | सेवा समुह संग सम्बन्धीत विषयमा न्युनतम प्रविणता प्रमाणपत्र तह उतिर्ण वा कक्षा १२ उतिर्ण | स्वास्थ्य सेवामा सघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौ | सेवा समुह संग सम्बन्धीत विषयमा स्नातक तह उतिर्ण | स्वास्थ्य सेवामा सघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समुह संग सम्बन्धीत विषयमा कम्तिमा स्नातक तह उतिर्ण | स्वास्थ्य सेवामा सघीय कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता |

(२) तह वृद्धि हुँदा त्यस्तो पद स्वत: माथिल्लो तहमा कायम हुनेछ र तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम हुनेछ

७.तहवृद्धि सम्बन्धी विशेष व्यवस्था :

(१) अध्यादेशको दफा ८(१४)बमोजिम चौथो तहको सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धिको निर्णय गरि नियुक्ति पत्र दिनेछ ।

(२)अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम निजामति सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भइ सेवा अवधि ५ वर्ष पुरा गरेका पाचौं ,सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमश :छैटौ ,आठौं र दशौं तहमा एक तह वृद्धि गरिने छ ।

(३)अध्यादेशको दफा ८ को उपदफा १६ बमोर्जिम अधिकृतस्तर सातौ र नवौ तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरि अध्यादेशमा तोकिए बमोजमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) सघीय लोकसेवा आयोगबाट खुला प्रतियागितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौ तहको पदमा सिफारिस भइ नियुक्त भइसकेका कर्मचारीलाइ स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तह कायम गरि दिने । यसरी सातौ तह कायम गर्नु पुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दं स्वीकृत गर्नुपर्ने छ ।

(५) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिमको तह वृद्धि हुने कर्मचारीलाइ प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था :कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरवन्दी भएंको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरवन्दी /पदाधिकार रहेको कार्यालयबाट तह वृद्धि गरिनेछ ।

८. जेष्ठता कायम गर्ने :तह वृद्धि हुने कर्मचारीहरुको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

९.बाधा अडकाउ फुकाउने:कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१०. तह बृद्धि गर्न नहुने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैन:-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

११. जानकारी दिनु पर्ने: (१) यस कार्यविधि बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१२.उजुरी /गुनासो : तहवृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोकसेवा आयोगमा उजुरी /गुनासो गर्न सकिनेछ ।

१३. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसुचिहरु

बेचन प्रसाद मेहता
अध्यक्ष

अनुसूचि : १

## बढुवा तथा तह बृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज गाउँपालिका ।

विषय: बढुवा/तह बृद्धिको निवेदन पेश गरेको ।

तहाँ कार्यालयको मिति २०८० प्रकाशित बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. बढुवा/तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

७. सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

८. सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

९.समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

बेचन प्रसाद मेहता
अध्यक्ष

अनुसूचि २

## बढुवा तथा तह बृद्धि नियुक्तिको ढाँचा

मिति:

विषय: बढुवा/तह बृद्धि नियुक्ति।

श्री ............................ ( कर्मचारी संकेत नं..........)

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज सुनसरी ।

यस कार्यालयको मिति २०८० को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १४/१६ बमोजिम तपाईंलाई देहाय अनुसार बढुवा/ तहबृद्धि गरिएको छ।

बढुवा/ तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ ।

| हाल कार्यरत पदको विवरण | बढुवा/तह बृद्धि भएको पदको विवरण |
|---|---|
| १.सेवा: | १. सेवा: |
| २.समूह/उपसमूह: | २. समूह/उपसमूह: |
| ३.पद: | ३. पद: |
| ४.तह: | ४. तह: |

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री लोकसेवा आयोग केन्द्रीय कार्यालय ,अनामनगर, काठमाण्डौ ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर .

श्री प्रदेश किताबखाना विराटनगर ।

श्री कर्मचारी संचय कोष विराटनगर ।

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय सुनसरी.।

श्री आर्थिक प्रशासन शाखा देवानगञ्ज गाउँपालिका सुनसरी ।

बेचन प्रसाद मेहता
अध्यक्ष

अनुसूचि ३

मिति:

## बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा ८ को उपदफा १४ दफा र २९ अनुसार तथा **कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा १, २ र ८ बमोजिम** बढुवा तथा तह बृद्धि हुने कर्मचारीहरुले सात दिन भित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नु पर्ने कागजातहरु

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

(घ) शैक्षिक योग्यताको प्रमाणपत्र

(ङ) तालिमका प्रमाणपत्रहरु

(च) वढुवा भएको पत्र

बेचन प्रसाद मेहता
अध्यक्ष